दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १५८ | बुटवल | २०८२ जेठ २१, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday June.04, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

जथाभावी ढुंगागिट्टीको उत्खनन् :

## तत्काल रोक्न दलहरूको माग, ठेक्का तोड्ने सीडीओको चेतावनी




समाजवादी मोर्चा नेपाल
रुपन्देही

प्रेस विज्ञप्ती मितिः २०८२/०२/२०

समाजवादी मोर्चा नेपाल निर्माण भएदेखि नै राष्ट्रियता, जनतन्त्र र जनजीविका सहित भ्रष्टाचार, अनमियता, सामाजिक बिभेदका विरुद्ध र सुशासन सामाजिक रुपान्तरण लगायतका जनसरोकारका विषयमा निरन्तर संघर्ष गर्दै आईरहेको कुरा सर्वविदितै छ।

यसै सन्दर्भमा केही दिन यता बुटवल, सैनामैना, देवदह, सिवारी सुद्धोधन, तिलोत्तमा, मायादेवी, गैडहवा, रोहिणी, कञ्चन लगायतका स्थानीय पालिकाहरुले तिनाउ, दानव, चरङ्गे खोला, चरेङ्गे ठाढो खोला, कर्साघाट, कञ्चन खोला, रोहिणी खोला घोडाहाखोला, कर्साघाट, सुक्रौलीघाट लगायतका अधिकांश खोलाहरुमा अनियन्त्रितरुपमा मापदण्ड बिपरित अवैधरुपमा दोहन गरी नदिजन्य पदार्थ ढुङ्गागिट्टी, बालुवा दोहन तथा चोरी निकासी भईरहेको र केहि क्रसर उद्योगमा अवैध ओसारपसार र मापदण्ड बिपरित घाटगद्दी गरेको कार्यप्रती हाम्रो समाजवादी मोर्चा नेपाल रुपन्देहीको गम्भीर ध्यानाकर्षण भएको छ।

सबैको मिलेमतो र सेटिङ्गमा मापदण्ड बिपरित राष्ट्रिय गौरवका योजनाको नाममा या अन्य नाममा नापजाँच भन्दा बढी खन्ने, खाल्डो पार्ने र घाटगद्दी नगरी सोझै केही क्रसर उद्योगमा ओसारपसार गर्ने, नियम बिपरित घाटगद्दी गर्ने, चोरी गर्ने र अवैध निकासी गर्ने जस्ता कार्यहरु तत्काल बन्द गर्ने गराउन र नियमित अनुगमन, नियन्त्रण, निगरानी नियमन गर्ने र अवैध ओसारपसारमा संलग्न जो कोहीलाई कारबाहीको दायरामा ल्याउन जोडदार माग गर्दछौं ।

साथै प्राकृतिक स्रोत र साधनको दोहनका लागि मापदण्ड बिपरीत प्रयोग गरिएका साधनहरु खोलाबाट तत्काल हटाउन हार्दिक अनुरोध गर्दछौं ।

अन्तमा हाम्रो अनुरोधलाई बेवास्ता गरिएमा संघर्षबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार सम्बन्धित निकाय हुने कुरा यसै बिज्ञप्ति मार्फत जानकारी गराउदछौं ।

हिराध्वज शाह
अध्यक्ष
नेकपा (एकिकृत समाजवादी)
रुपन्देही

निर्मल जि. सी.
संयोजक
नेकपा (माओवादी केन्द्र)
रुपन्देही

सरद सी
संयोजक
समाजवादी मोर्चा नेपाल, रुपन्देही
तथा केन्द्रीय सदस्य
नेपाल कम्युनिस्ट पार्टी

**लुम्बिनी संवाददाता**
*बुटवल*

रुपन्देहीका तिनाउ नदीका विभिन्न ठाउँमा ठेकेदारले मापदण्ड विपरीत गहिरो खनेको भेटिएपछि प्रमुख जिल्ला अधिकारीले गल्ती दोहोऱ्याए ठेक्का तोड्ने चेतावनी दिएका छन् ।

प्रमुख जिल्ला अधिकारी घिमिरे नेतृत्वको टोलीले मंगलबार बुटवल उप-महानगरपालिकाले ठेक्का लगाएको मगरघाट पुलको दक्षिणतर्फ ठेकेदारले अनुमति पाएको भन्दा गहिरो खनेर ढुंगा गिट्टी निकालेको पाइएपछि उप-महानगरका कर्मचारी र ठेकेदारलाई राखेर गल्ती दोहोऱ्याए ठेक्का तोड्ने सम्मको कारबाही हुने चेतावनी दिएका हुन् । सीडीओ घिमिरेले आइइ प्रतिवेदन विपरीत जथाभावी उत्खनन् हुँदा पनि बुटवल उप-महानगरले नियन्त्रण नगरेको भन्दै आक्रोश पोखेका थिए ।

'आइइ विपरीत उत्खनन् हुने र अनुगमन नगर्ने हो भने किन आइइ गरेको त ?,'- उपमहानगरका उच्च तहका कर्मचारीलाई प्रश्न गर्दै सीडीओले भने-'यस्ता गल्ती फेरि दोहोरिए ठेक्का तोड्नेसम्मको कारबाही हुनसक्छ त्यति बेला कसैले कुनै गुनासो गर्न पाउँदैन ।'

उत्खनन् स्थलमा पालिकाले अनिवार्यरुपमा प्राविधिक खटाएर निगरानी गर्नुपर्ने र घाटगद्दी स्थलमा ठेकेदारको प्रतिनिधि हुनुपर्नेमा त्यो नदेखिएको जिल्ला समन्वय समिति संयोजक उमाकान्त चापागाईंले बताए ।

उत्खनन् स्थलमा प्राविधिक नखटाइँदा जथाभावी ढुंगा, गिट्टी निकाल्ने काम हुँदा छेउको बस्ती र पुलहरु जोखिममा पर्ने खतरा रहेकोतर्फ चापागाईंले सचेत गराए ।

'मगरघाट पुल उत्तर र दक्षिण दुबैतर्फ स्वीकृत मापदण्ड विपरीत उत्खनन् भइरहेको छ, यो नरोके कारबाही हुन्छ,' चापागाईंले भने-'राज्यको सम्पतिको संरक्षणमा स्थानीय नागरिकको पनि निगरानी हुनुपर्छ ।'

यसैबिच समाजवादी मार्चा रुपन्देहीले पनि खोलामा भइरहेको तत्काल अनियमितता रोक्न माग गरेको छ ।

मोर्चामा आबद्ध नेकपा माओवादी केन्द्रका संयोजक निर्मल जिसी, नेकपा एकीकृत समाजवादीका अध्यक्ष हिराध्वज शाह र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य एवं मोर्चाका जिल्ला संयोजक शरद वलीले मंगलबार विज्ञप्ति जारी गर्दै जथाभावी उत्खनन् र चोरी निकासीप्रति मोर्चाको गम्भीर ध्यानाकर्षण भएको जनाएका हुन् ।

जथाभावी दोहन र चोरी निकासीमा सम्बन्धित निकायको मिलेमतो र सेटिङ रहेको मोर्चाको आरोप छ ।

'केही दिनयता बुटवल, सैनामैना, देवदह, सिवारी शुद्धोधन, तिलोत्तमा, मायादेवी, गैंडहवा, रोहिणी, कञ्चनलगायतका स्थानीय पालिकाहरुले तिनाउ, दानव, चरंगे खोला, कर्साघाट, कञ्चन खोला, रोहिणी खोला, घोडाखोला, सुक्रौलीघाटलगायतका अधिकांश खोलाहरुमा अनियन्त्रितरुपमा मापदण्ड विपरीत अवैधरुपमा दोहन गरी नदीजन्य पदार्थ ढुंङ्गागिट्टी, बालुवा दोहन तथा चोरी निकासी भइरहेको र केही क्रसर उद्योगमा अवैध ओसारपसार र मापदण्ड विपरीत घाटगद्दी गरेको कार्यप्रति समाजवादी मोर्चा नेपाल रुपन्देहीको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ-'सबैको मिलेमतो र सेटिङ्गमा मापदण्ड विपरीत राष्ट्रिय गौरवका योजनाको नाममा या अन्य नाममा नापजाँचभन्दा बढी खन्ने, खाल्डो पार्ने र घाटगद्दी नगरी सोझैं केही क्रसर उद्योगमा ओसारपसार गर्ने, नियम विपरीत घाटगद्दी गर्ने, चोरी गर्ने र अवैध निकासी गर्ने जस्ता कार्यहरु तत्काल बन्द गराउन र नियमित अनुगमन नियन्त्रण, निगरानी नियमन गर्न र अवैध ओसारपसारमा संलग्न जो कोहीलाई कारबाहीको दायरामा ल्याउन जोडदार माग गर्दछौं ।' प्राकृतिक स्रोत र साधनको दोहनमा मापदण्ड विपरीत प्रयोग गरिएका साधनहरु खोलाबाट तत्काल हटाउन अनुरोध गर्दै मोर्चाको अनुरोधलाई बेवास्ता गरिएमा त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार सम्बन्धित निकाय हुने विज्ञप्तिमार्फत् चेतावनी दिइएको छ ।

खोला उत्खननूको ठेक्का पाएका ठेकेदारले पालिकाले तोकेको स्थानमा घाटगद्दी गर्नुपर्ने ढुंगागिट्टी सिधैं क्रेसर उद्योगमा लैजाने गरेको पाइएपछि तिलोत्तमा-६ गोरकट्टास्थित कश्यप नमूना रोडा उद्योगलाई सोमबार प्रशासनले कारबाही गरेको छ । सोमबार अनुगमन गर्दा कश्यप रोडा उद्योगमा उत्खननूबाट ल्याइएको ताजा ढुंगागिट्टी ठूलो परिमाणमा भेटिएपछि अर्को निर्णय नहुँदासम्मका लागि बिक्री वितरण गर्न नपाउने गरी कारबाही गरिएको हो ।

उक्त ठाउँको उत्खननूको ठेक्का व्यवसायी सुमन बस्यालले पाएका छन् । गत वर्ष पनि उनैले ठेक्का पाएका थिए ।

» बाँकी ३ पेजमा

## स्याङ्जाका पालिकालाई झण्डै पाँच अर्ब बजेट




**प्रकाश डोटेल**
*स्याङ्जा*

सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटमा स्याङ्जाका ११ स्थानीय तहलाई झण्डै पाँच अर्ब बजेट विनियोजन गरिएको छ। संघीय सरकारले जिल्लाका स्थानीय तहलाई अनुदानका विभिन्न शीर्षकअन्तर्गत ४ अर्ब ७५ करोड ८१ लाख विनियोजन गरेको हो ।

जिल्लाका स्थानीय तहलाई समानीकरण अनुदानमा १ अर्ब १० करोड ७७ लाख बजेट विनियोजन गरिएको छ । बजेटमा शर्सत अनुदानतर्फ ३ अर्ब ३७ करोड ८१ लाख विनियोजन गरिएको छ भने विशेष अनुदानमा १६ करोड २९ लाख विनियोजन गरिएको छ । समपुरक अनुदानमा १० करोड ९४ लाख विनियोजन गरिएको सार्वजनिक बजेटमा उल्लेख छ।

चालु आर्थिक वर्ष २०८१/०८२ का लागि जिल्लाका स्थानीय तहलाई ५ अर्ब ४३ करोड विनियोजन गरेको संघीय सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ४ अर्ब ७५ करोड ८१ लाख विनियोजन गरेको छ । चालु वर्षको तुलनामा आगामी आर्थिक वर्षका लागि करिब २५ करोड कम बजेट विनियोजन गरिएको हो ।

नगरपालिकातर्फ पुतलीबजारले ७५ करोड १ लाख अनुदान पाउँदा वालिङले ६६ करोड ३२ लाख पाएको छ । गल्याङले ५२ करोड १५ लाख अनुदान पाउँदा चापाकोटले ४३ करोड ९७ लाख पाएको छ भने भीरकोटले ४२ करोड ३६ लाख गरी जिल्लाका ५ नगरपालिकालाई २ अर्ब ७९ करोड ८२ लाख विनियोजन गरिएको छ।

१ अर्ब ९५ करोड ९९ लाख पाएका जिल्लाका गाउँपालिकातर्फ कालीगण्डकीले ४१ करोड ४१ लाख पाउँदा बिरुवाका लागि ३४ करोड ३७ लाख विनियोजन गरिएको छ। आँधीखोलालाई ३३ लाख ७८ विनियोजन हुँदा अर्जुनचौपारीले ३० करोड १२ लाख अनुदान पाएको छ। हरिनाशले ३० करोड ३ लाख पाउँदा फेदीखोलाका लागि २६ करोड १ लाख विनियोजन भएको छ।

नगरपालिकातर्फ पुतलीबजारले सबैभन्दा बढी अनुदान पाउँदा भीरकोटले सबैभन्दा कम बजेट पाएको छ। पुतलीबजारले ७५ करोड १ लाख पाउँदा भीरकोटलाई ४२ करोड ३६ लाख विनियोजन भएको छ । गाउँपालिकमा सबैभन्दा बढी ४१ करोड ४१ लाख कालीगण्डकीले पाउँदा फेदीखोलालाई २६ करोड १ लाख विनियोजन गरिएको छ।

पुतलीबजारले समानीकरणमा १३ करोड ९३ लाख, शर्सतमा ५८ करोड ११ लाख, विशेष अनुदानमा २ करोड ७ लाख पाउँदा समपुरमा ९० लाख पाएको छ भने वालिङलाई समानीकरणमा १५ करोड ७ लाख, शर्सतमा ४८ करोड ९० लाख, विशेषमा १ करोड ४५ लाख पाएको छ भने समपुरक अनुदानमा ९१ लाख मात्रै बजेट विनियोजन भएको छ। समानीकरणमा १२ करोड ५२ लाख पाएको गल्याङले शर्सतमा ३८ करोड ७ लाख पाएको छ भने विशेष अनुदानमा ६९ लाख पाउँदा समपुरक अनुदानमा ८७ लाख पाएको छ। समानीकरणमा १० करोड ३० लाख, शर्सतमा ३२ करोड १७ लाख पाउँदा समपुरकमा १ करोड ५० लाख पाएको चापाकोटले विशेषमा अनुदान पाएको छैन। भीरकोटलाई समानीकरणमा ९ करोड ८२ लाख, शर्सतमा २८ करोड ३९ लाख, विशेषमा ३ करोड २ लाख र समपुरकमा १ करोड १३ लाख विनियोजन गरिएको छ।

कालीगण्डकीले समानीकरणमा ९ करोड २० लाख, शर्सतमा २९ करोड ९५ लाख, विशेषमा १ करोड ६५ लाख पाउँदा समपुरक अनुदानमा ६१ लाख पाएको छ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## संविधानको मर्म विपरीतको काम

यातायात व्यवसायीहरुले यातायात सेवा ठप्प पारेर गरेको आन्दोलन गलत छ । गण्डकी प्रदेश सरकारले राइड सेयरिङ तथा सेल्फ ड्राइभ व्यवस्थापन तथा नियमन गर्न गण्डकी प्रदेश सरकारले ल्याएको नियमावलीको विरुद्ध देशभर यातायात ठप्प पार्नु कानुन हातमा लिने काम हो । अत्यावश्यक क्षेत्रमा बन्द हड्ताल गर्न नपाइने कानुनी व्यवस्थाप्रति बेवास्ता गर्दै व्यवसायीहरुले सरकारलाई निरिह बनाउन खोज्नु अराजकताको परकाष्ठा हो ।

गण्डकी प्रदेश सरकारले ल्याएको नियमावली चित्त नबुझे सम्बन्धित ठाउँमा ध्यानाकर्षण गराउने र बन्द बाहेकका आन्दोलन गर्न सकिने विकल्प हुँदाहुँदै देशभर यातायात सेवा ठप्प पारेर यातायात व्यवसायीले ‘सिण्डिकेट’ लाद्ने प्रयास गरेका छन् । यातायात व्यवसायीले सरकारलाई झुकाएर माग पूरा गर्न बाध्य गराए पनि अन्ततः विधिसम्मत बाहेक कुनै माग पूरा हुन सक्तैनन् । संविधानको अनुसूची ६ मा एकल अधिकार सूचीमा रहेको यातायात क्षेत्र व्यवस्थापन लागि प्रदेशले ल्याएको नियमावलीका सन्दर्भमा उत्पन्न विवाद समाधानका लागि संघीय सरकारलाई गुहार्नु र हाबी हुन खोज्दा ल्याउने जटिलता पनि ख्याल गर्नुपर्छ । शासन प्रणाली अनुकुल यातायात तथा सवारी ऐन नबनाइसकेको अवस्थामा व्यवसायीले चलखेल गर्ने मौका पाएका छन् । ३२ वर्ष पूरानो ऐन बदलिदो परिवेशमा काम नलाग्ने भइसकेकोले समयानुकुल बनाउन ढिलाइ भइरहेको छ ।

राइड सेयरिङ तथा सेल्फ ड्राइभलाई सार्वजनिक यातायात सरह यात्रु ओसार्न दिने निर्णय गरेपछि यातायात व्यवसायीले १६ गतेदेखि गण्डकीमा र १९ गतेदेखि देशभरकै यातायात ठप्प पार्दा नागरिकलाई सास्ती भएको छ । तत्काललाई नियमावली स्थगन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पत्र पठाएको छ । संघीय सरकार यातायात व्यवसायी सामु निरिह बन्दा शासन प्रणालीप्रति नै प्रश्न उठेको छ । प्रदेशले बनाएको नियमावली स्थगित गर्न भन्दै संघले पत्र काट्नु संविधानको मर्म विरोधी काम हो ।

यातायात व्यवसायीको माग र आन्दोलन सर्वोच्च अदालतको आदेशविपरीत पनि छ । २९ फागुन २०७६ मा उच्च अदालत पाटनले ट्याक्सी व्यवसायी संघले दायर गरेको रिटमा सुनुवाइ गर्दै तत्काल राइड सेयरिङ सेवा नरोक्न र आवश्यक कानुन बनाएर सञ्चालन गर्न निर्देशनात्मक आदेश दिएको थियो । सर्वोच्च अदालतले २८ माघ २०७५ मा पठाओ बन्द गर्न माग गर्दै हालेको रिटमा १३ असार २०८१ मा आएको फैसलाको पूर्णपाठले राइड सेयरिङलाई बन्द नगर्न, तत्काल कानुनी प्रबन्ध गर्न निर्देशनात्मक आदेश जारी गरेको छ । त्यसैगरी, सर्वोच्च अदालतबाट ३ भदौ २०७८ मा पे बाइकको सेवा नरोक्न आदेश गरेको थियो । त्यसैलाई आधार बनाएर निर्देशन तथा आदेशहरू कार्यान्वयनका लागि यातायात व्यवस्था विभागले पत्राचारसमेत गरेको छ । सर्वोच्च अदालतको आदेशले पनि यातायात व्यवसायीको मागलाई नाजायज मानेको छ । संवैधानिक व्यवस्था र अदालतको आदेश नजिर हुने हुँदा यातायात व्यवसायीले यातायात ठप्प पार्ने होइन्, बन्दलाई फिर्ता गर्नुपर्छ ।

# नेपाल र नेपालीलाई नहेप



झपेन्द्र जिसी

संघीय लोकतान्त्रिक गणतन्त्रको नयाँ संविधान सार्वजनिक भएपछि संविधानको भावना बमोजिम दलहरुले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री बनाए । ओली नेतृत्वको सरकारलाई मात्र होइन नेपाली जनतामाथि भारतले नाकाबन्दी छ महिना भन्दा बढी लगायो ।

भारतको परिचय दिने चीजविजहरु के-के छन् थाहा छैन, तर नेपालबाट बग्दै गएका पुच्छरतिर बग्दै गएका खोलाघोलाका कोरण्डा कुण्डहरु छन् । ती कत्तिको शुद्ध, पवित्र र चोखा छन् त्यो मूल्यांकनको विषय हो । छैन ।

तर नेपाललाई चिनाउने धेरै छन् ।

पहिलो कुरा त नेपाललाई अति प्राचीन शैवदेश भनेर विश्वले मानेको छ ।

केही दिन पहिला भारतका एउटा ठूला नेताले लाजै नमानी भने-‘नेपालको आफ्नो पहिचान केही पनि छैन ।’

यो लेखमा यही प्रसंगलाई जोडेर केही सत्य तथ्य उजागर गर्ने प्रयत्न गरिन्छ ।

नेपालमा के छैन ? जे पनि छ । लेख्दै जाने हो भने रामायण, महाभारतभन्दा ठूला ग्रन्थ तयार हुनेछन् ।

विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालमा छ । गौतमबुद्धको जन्मस्थल लुम्बिनी छ ।

गौतमबुद्धको बासस्थान तिलौराकोट छ ।

सिद्धार्थ गौतमको मावली कोलीय राज्य रामग्राम पनि त नेपालमै छ । कनकमणि बुद्ध र ऋकुन्द बुद्धहरुको जन्मस्थल यही कपिलवस्तुमा त छ ।

इ.पु.सातौं शताब्दी साङ्ख्य दर्शनका प्रणेता महर्षि कपिल मुनिको आश्रम कोपिलधाम कपिलवस्तुमै छ ।

दोस्रो शताब्दीका पतञ्जली (पलाँटे अर्घाखाँची हाल शीतगंगा गा.पा.जसले छरिरहेर रहेका योग सूत्रहरुलाई एकताबद्ध गर्ने काम गरे । विश्वलाई नै चिनाउने देवाधिदेव महादेव शिव, शंकर पशुपतिनाथको मन्दिर नेपालको काठमाडौंमै छ । विश्वकै सर्वोच्च शिखर सगरमाथा नेपालमा नै छ । यसरी नै अन्नपूर्ण, माछापुच्छ्रे, निलगिरी जस्ता आकर्षक हिमालहरु नेपालमै छन् ।

विश्वका अन्यत्र कहीं नपाइने शालग्राम विष्णुको प्रतीक नेपालको कृष्ण गण्डकी, कालीगण्डकी क्षेत्रमा मात्र पाइन्छ । यतिका नेपालको चिनारी भए पछि के को पहिचान खोज्छस्, छालाका आँखा भएका तर घमण्डले रिपको आँची झैं फुलेका दक्षिणा हो ?

विश्वको सर्वोच्च स्थलमा अवस्थित विशाल ताल रारा दह नेपालको मुगु जिल्लामा छ ।

प्रिय विद्वान मित्रहरु यो लेख मैलै तिनै व्यक्तिहरुका कानभित्र सुटुक्क पसोस् भनेर लेखिरहेको छु, जसले आफूलाई ठूल्दाइ वा जेडदाइ ठानेर नेपाल र नेपालीलाई होच्याउने गर्दछन् अथवा जसले नेपाल र नेपालीको कुनै पहिचान छैन भनेर बहस पैरवी गरिरहेका छन् ।

हाल सालको कुरा गर्ने हो भने तिनीहरुमध्ये हाम्रो देशको दक्षिणपट्टीका देशका रंजित रे हुन् । यिनी तिनै व्यक्ति हुन् जसले सावभौम नेपाली जनताले निर्वाचन गरेको संविधानसभाले निर्माण गरेको संविधान २०७२ साल आश्विन ३ गते नेपालको संविधान घोषणा गर्न थाल्दा नेपालमा आएर यिनैले यो संविधान घोषणा नगर, घोषणा गर्ने नै हो भने हिन्दु राष्ट्र लेख भनेर हस्तक्षेप गरेका थिए ।

दक्षिणा रंजित रेको हस्तक्षेपका बाबजुद संविधानसभाबाट तयार भएको संविधान २०७२ साल आश्विन ३ गते सार्वजनिक भयो ।

संघीय लोकतान्त्रिक गणतन्त्रको नयाँ संविधान सार्वजनिक भएपछि संविधानको भावना बमोजिम दलहरुले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री बनाए । ओली नेतृत्वको सरकारलाई मात्र होइन नेपाली जनतामाथि भारतले नाकाबन्दी छ महिनाभन्दा बढी लगायो । भारतले नाकाबन्दी लगाए पनि नेपाली जनता भोकले मर्ने अवस्था त थिएन, तर पेट्रोलियम पदार्थको त अभाव नै भयो । धन्न उत्तरी छिमेकी देश चीनले आवश्यक सामग्री र इन्धन आपूर्ति गरिरह्यो । यही बेला कोभिड १९ को महामारीले आक्रान्त पारेको थियो ।

तर भारतीय शासकहरुको पेटमा हरि रहनेछ । हरि देखिएन । दुःखमाथि दुःख भुक्तमानमाथि भुक्तमान नेपाल र नेपालीले सही रहे र सही रहन बाध्य । केपी ओली सरकारको नेतृत्वमा नेपाली जनता नाकाबन्दीविरुद्ध एकाकार, एकताबद्ध भई लडेकै कारण भारतीय शासकहरु नेपाल समक्ष झुक्न बाध्य भयो र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उनका प्रवक्ताहरुले दूध चोर बिरालो दूध खाएर रित्याइ सक्दाखेरि दूध खाएको छैन हैन भनेर म्याउँ म्याउँ गर्न थाले ।

रञ्जित रे तिनै हुन् ऊ बेला उनी विदेश सचिव थिए क्यारे ! अहिले परराष्ट्र मन्त्री छन् क्यारे । उनले अहिले भन्दै छन्, केही दिन पहिला लाजै नमानी भने नेपालको आफ्नो मौलिक पहिचान र परिचय छैन । हिन्दु धर्म पनि हाम्रो भारतको हो । नेपाल नेपालीको होइन भन्न भ्याए । विचरा मोदी ! विचारा रंजित रे बिलिष्ट होइन धर्म अन्धताको घमण्डले पातलिंदै गएका छन् !

तिमीहरुले आजकाल भारतबाट के के हो के के धार्मिक सम्प्रदाय बनाएर नेपालतिर पठाउने गरेका छौं । ती नभए पनि नेपाल र नेपालीको राम्ररी निर्वाह हुन्छ । निरञ्जन, निराकार अर्थात् वर्गविहीन, छुवाछुतविहीन शैव धर्म संस्कृतिको उद्गम स्थल नेपाल नै हो । तर दक्षिणातिरबाट तिमीहरुले धार्मिक छुवाछुतको जालो, लैंङ्गिक विभेदको जालो धर्म सम्प्रदायको नाममा भेजेका छौं । नेपालीहरुमा समेत सङ्कीर्णताको विजारोपण गरेका छौं ।

तिमीहरुले हिन्दु धर्म संस्कृति भारतीयहरुको मात्र धर्म संस्कृति हो भन्छौं भने भारतीय धर्म संस्कृति अन्धतावादी जोगी जलन्तेरी तुम्बुमा हाल्न थाल्यौं । धर्म संस्कृति कसैको तुम्बुमा हाल्न मिल्दैन । जसले जुन धर्म मान्न पनि स्वतन्त्र हुन्छन् ।

आँखा फट्याएर हेर, कान खोलेर सुन शिवशंकर भोलेनाथ कैलाशपते कहाँका हुन् ? अवश्य विश्वलाई नै थाहा छ, पशुपतिनाथको मन्दिर कहाँ छ ? स्पष्ट छ, नेपालमै छ ।

अहिले पनि मानसरोवर कैलाश नेपालको उत्तरी सीमासँग नजिकै छ । मानसरोवर कैलाश नेपालको उत्तरी सीमासँग जोडिएको छ । मानसरोवर कैलाशको गौरवको अनुभूति तिमीलाई बढी होला कि नेपालीलाई ?

जिब्रो फट्कारेर बोल्न सक्छौं ? आजको २२औं शताब्दी खुला हृदयका साथ खुल्ला कुरा गर्ने कि माखाको पित्त जति सङ्कीर्ण कुरा गर्ने ? लौ भन !

सांङ्ख्य दर्शनका प्रणेता महर्षि कपिल कनकमणि बुद्ध, ऋकुछन्द बुद्ध नेपालको कपिलवस्तुकै हुन् । सिद्धार्थ गौतमबुद्ध आदिको जन्मस्थल, संबुद्धत्व प्राप्ति स्थल लुम्बिनी नै हो । छरिएर रहेका योगासनहरुलाई एक सूत्रलाई आबद्ध गर्ने महर्षि पताञ्जली अर्घाखाँची पलाँटेका शीतगंगाका हुन् ।

आदिम मानव जाति रामपिथेकसको उत्पत्ति स्थल तिनाउ नदी पाल्पा बुटवल नै हो । नेपाली जनताको स्वाभिमान र सरकारको दृढ नेतृत्व विश्वको जनमतले तिम्रो वैमानता र हेपाहा प्रवृत्तिलाई पहिचानको रुपमा हेरिरहेको छ ।

सारतः २०७२ सालमा भारतले हिन्दु धर्मलाई नेपाल राष्ट्रिय धर्म घोषणा गर भनेर दबाब दियो । तर अहिले आएर रंजित रे जस्ताले नेपालको कुनै पहिचान छैन र हिन्दु धर्म नेपाल र नेपालीको होइन भन्नुको अर्थ नेपाललाई भारतले मुसा खेलाए झैं खेलाउन खोजेको पाइन्छ ।

नेपालको पहिचान के छैन ? बहुत धेरै छ । यसको साङ्गपाङ्ग उतार्न थाले महाभारतभन्दा ठूलो आकारको पुस्तक बन्नेछ ।

**अन्त्यमा–**

नेपाललाई नहेप भारत
लेक बेसी बस्दैछौं गारत
स्वाभिमान साथ
झन् माया लाइरहने
जोश आइरहने ।

# गर्मीमा कस्ता स्वास्थ्य समस्या देखिन्छन् ? बच्न के गर्ने ?

यसपटक देशभरका धेरै क्षेत्रमा तापक्रम वृद्धिले ‘रेकर्ड ब्रेक’ गरेको मौसमविद्हरु बताउँछन्। पछिल्ला केही दिनहरुमा तापक्रम बढ्दा देशभरको जनजीवन प्रभावित बनेको छ । तराईका जिल्लाहरुमा तातो हावा (हिट वेभ) बढ्न थालेको छ । तराई क्षेत्रको तापक्रम अहिले ४० डिग्रीभन्दा माथि पुगेको छ । चर्को घाम लागेका कारण मानिसलाई बाहिर हिँड्न हम्मे छ । गर्मीको मार दैनिक ज्याला मजदुरी गर्नेहरुलाई अझ बढी छ, जो कामको लागि बाहिरी वातावरणमा डिँड्डुल गर्नुपर्ने हुन्छ ।

लामो समय गर्मीमा ‘एक्सपोज’ हुनु धेरै मानिसहरुको लागि घातक बन्न सक्छ । अत्याधिक गर्मीका कारण मांसपेसी बाउँडिने, थकाइ लाग्ने तथा ‘हिट स्ट्रोक’सम्म पनि निम्तिन सक्छ । गर्मीबाट बच्ने एउटा सजिलो उपाय भनेको प्रशस्त तरल पदार्थ पिउने र शितल स्थानमा बस्नु नै हो । गर्मीको जोखिममा रहेका परिवारका सदस्य, आफन्त, साथीभाइ तथा छिमेकीको ख्याल गर्नुपर्छ ।

यस्तो अवस्थामा कुनै आपतकालिन अवस्थाको लागि पनि तयारी अवस्थामा रहनु पर्छ । गर्मीमा एसी, पंखाजस्ता कुरा धेरै चलाइने हुँदा बिजुलीको लोड बढ्न गई ‘लाइन’ जान सक्ने हुँदा त्यसको लागि पनि पूर्वतयारी गर्नुपर्छ । सञ्चार माध्यमा मौसम पूर्वानुमानसम्बन्धी जानकारी पनि लिइरहनपर्छ । जसले गर्दा गर्मीबाट बच्न विभिन्न तयारी गर्न सकियोस् ।

**गर्मीबाट बच्न अपनाउनुहोस् यी उपाय**

प्रशस्त चिसो तरल पदार्थ पिउनु नै गर्मीबाट बच्ने उत्तम उपाय हो । तिर्खा नलागे पनि चिसो तरल पदार्थ पिउँदा शरीरलाई शितल बनाउँछ । बच्चा तथा बुढापाकाहरुले प्रशस्त तरल पदार्थ सेवन गरेका छन् या छैनन् भन्ने कुरामा पनि ख्याल गर्नुपर्छ ।

गर्मीमा क्याफेन तथा रक्सीजन्य पदार्थबाट टाढै रहेको बेश हुन्छ । किनकी यसले शरीरमा ‘डिहाइड्रेसन’ निम्त्याउन सक्छ। यसले तापक्रम व्यवस्थित राख्ने शरीरको प्रक्रियामा पनि असर पुऱ्याउँछ ।

सबैभन्दा धेरै गर्मी हुने दिउँसोको समय (विशेषगरी बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म) बाहिर घाममा



हिँड्नु हुँदैन । हिँड्नै परे छाता ओढ्ने तथा टोपी लगाउन भने भुल्नु हुँदैन भने सकेसम्म ‘सन्स्क्रिन’ लगाउनु राम्रो हुन्छ । गर्मीको समयमा हलुका तथा खुकुलो कपडा लगाउनु पर्छ । ताकि शरीरमा हावा पसोस् र तातोपना बाहिर जाओस् ।

गर्मी बढ्दै जाँदा घरबाहिर गर्ने कामहरु कम गर्नुपर्छ । धेरैजसो समय घरभित्रै बस्ने र घरबाहिर लामो समय काम गर्नु हुँदैन । बाहिर काम गर्नेहरुले बेला-बेला शितलमा विश्राम लिने गर्नुपर्छ भने एक्लै काम गर्नुको साटो साथीहरुसँग मिलेर गर्नु उपयुक्त हुन्छ ।

त्यस्तै, घरमा आफ्ना घर पालुवा जनावरहरुको पनि हेरचाह गर्नुपर्छ । उनीहरुलाई पनि बेलाबेलामा पानी दिनुका साथै शितल ठाउँ बस्ने व्यवस्था मिलाउनुपर्छ । ‘हिट वेभ’को बेलामा ताजा हावा घरभित्र खेल्ने गरी झ्यालहरू र पर्दाहरू खोल्न पर्छ । गर्मीको समयमा बालबच्चाहरू तथा घरपालुवा जनावरहरूलाई पूर्णरुपमा बन्द गरिएको गाडीहरूमा एक्लै छोड्नु हुँदैन । गर्मीले शरीरमा असर गर्न थालेको महसुस भए घामबाट शितल ठाउँमा जानुपर्छ र बाँकी समय अतिरिक्त तरल पदार्थ सेवन गर्नुपर्छ । चर्को घाममा काम गर्दा बिबिराहरु देखिने, अनुहार सुन्निने, वाकवाकी लाग्ने, ज्वरो आउने वा शरीर चिसो हुने, मुटु धड्कन बढ्न तथा सास फुल्ने भएमा तत्काल स्वास्थ्यकर्मीलाई देखाउनुपर्छ ।

**गर्मीका कारण देखिन सक्छ यस्ता समस्या**

चर्को घाम वा अत्यधिक गर्मीमा बस्ने जोकोहीलाई पनि मांसपेशी बाउँडिने, थकाइ लाग्ने तथा ‘हिट स्ट्रोक’सम्मको समस्या निम्तिन सक्छ । गर्मीका कारण देखिने यी लक्षणहरूको ख्याल गर्नुपर्छ ः

चक्कर लाग्नु वा बेहोस हुनु
वाकवाकी वा उल्टी हुनु
टाउको दुख्नु
सास फुल्नु र मुटुको धड्कन बढ्नु
अत्यधिक तिर्खा लाग्नु
असामान्य रूपमा गाढा पहेंलो पिसाब हुनु तथा कम पिसाब लाग्नु
बच्चाहरुको व्यवहारमा अकस्मात् परिवर्तन आउनु

‘हिट स्ट्रोक’ एक आपत्कालीन अवस्था हो । यदि कसैलाई यस्ता लक्षण देखिए तत्काल स्वास्थ्य संस्था लैजानु पर्छ ः

बेहोस भए ।
चेत हराए ।
पसिना रोकिए ।

# नेप्सेमा उच्च अङ्कको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार उच्च अङ्कको गिरावट आएको छ । नेप्से परिसूचक ३५ दशमलव ७३ अङ्कले घटेर दुई हजार ६५८ दशमलव ९३ को विन्दुमा कायम भएको हो । यो एक दशमलव ३२ प्रतिशतको गिरावट हो ।

तीन सय १५ कम्पनीको एक करोड ५५ लाख ३८ हजार ४७४ कित्ता शेयर ७५ हजार ५०८ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ६७ करोड ९५ लाख ६१ हजार ३२४ बराबरको कारोबार भएको छ ।

कारोबारमा सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै बैङ्किङ समूह दुई दशमलव ३४ र होटल तथा पर्यटन समूह दुई दशमलव १२ प्रतिशतले घटेको छ । त्यस्तै, विकास बैङ्क एक दशमलव १४, वित्त शून्य दशमलव ८३, जलविद्युत् शून्य दशमलव ९६, लगानी एक दशमलव २९ र जीवन बिमा समूह शून्य दशमलव ७४ प्रतिशतले घटेको छ ।

यसैगरी, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०१, लघुवित्त एक दशमलव २७, म्युचल फन्ड शून्य दशमलव ०१, निर्जीवन बिमा शून्य दशमलव ६८, व्यापार एक दशमलव ३७ र अन्य समूह शून्य दशमलव ९८ प्रतिशतले घटेको छ ।

कारोबारमा प्युअर इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सप्तकोशी डेभलपमेन्ट बैङ्क लिमिटेडका शेयर मूल्य चार दशमलव ३८ प्रतिशतले घटेको छ ।

# निगुरो बेचेर घरखर्चको जोहो गर्दै कुमाल सामुदाय



गुल्मी । जिल्लाको पश्चिमी भेगमा बसोबास गर्ने कुमाल समुदाय निगुरो बिक्री गरेर घरखर्च चलाउँदै आएको छ । उनीहरूले वर्षौंदेखि वनजङ्गलमा पाइने जडीबुटीजन्य तरकारी निगुरो सङ्कलन गरेर बिक्री गरी नून तेलको जोहो गर्दै आएका छन् । उन्यू प्रजातिको एक प्रकारको वनस्पती निगुरो तरकारी र अचार खान प्रयोग गरिन्छ ।

विपन्न कुमाल समुदाय बढी मात्रामा यो पेसासँग जोडिएको छ । जेठ महिना सुरु भएपछि असोज महिनासम्म वनपाखामा प्रशस्त मात्रमा निगुरो पाइने गर्दछ । बिहानै उठेपछि डोको र नाम्लो बोकेर जङ्गलसम्म पुगेर डोकोभरी निगुरो टिपेर उनीहरु फर्कने गर्दछन् । यस क्षेत्रमा बसोबास गर्ने कुमाल सकुदायसँगै अन्य विपन्न परिवारका सदस्यको दिनचर्या दिनभर जङ्गल र पाखामा निगुरो टिपेर बित्ने गर्दछ ।

मनग्य आम्दानी गर्न सकिने भएका कारण त्यस क्षेत्रका कुमाल समुदाय यो पेसा अगाल्दै आएका छन् । उनीहरू आफूले अघिल्लो दिन टिपेको निगुरो दोस्रो दिन बिहानै बिक्रीका लागि स्थानीय बजारदेखि सदरमुकाम तम्घाससम्म आइपुग्छन् । जिल्लाको अर्जै, घमिर, अर्खाबाङ्, नेटा तथा ह्वाङ्दी, मुसिकोटलगायतका जङ्गलमा प्रशस्त मात्रमा निगुरो पाइने गर्दछ । विपन्न परिवारका लागि निगुरो यतिबेला राम्रो आम्दानीको मुख्य स्रोत बनेको छ । आफूले निगुरो बिक्री गरेर मासिक रु ३० हजारसम्म कमाउने गरेको इस्मा गाउँपालिका-५ की सरस्वती मुखिया बताउँछिन् । उनलाई त्यसैबाट घरखर्च चलाउन सजिलो भएको छ ।

एक मुठा निगुरो रु ५० मा बिक्री गर्ने गरेको मुखियाले बताइन् । "दिनभर जङ्गलमा पुगेर टिप्ने हो, झरी, घाम, सर्प सबैबाट जोगिनुपर्छ, टिपेर ल्याएपछि बिक्री गर्न त गाह्रो छैन, घरखर्च चलाउन कसैसँग सापट माग्नु परेको छैन ।"-मुखियाले भनिन् ।

जङ्गलबाट टिपेर ल्याएका वस्तुको गाउँमा खासै महत्व नहुने भएका कारण त्यसलाई डोकोमा बोकेर बिक्रीका लागि सदरमुकाम तम्घाससम्म ल्याउने गरिन्छ । यसलाई उत्पादन गर्न कुनै लगानी गर्नु नपर्ने, जङ्गलमा पुगेपछि सित्तैमा टिप्न पाइने र बजारमा राम्रो मूल्य पाइने भएका कारण निगुरो टिप्ने गरिन्छ । जङ्गलबाट टिपेर ल्याएको निगुरोलाई सुरुमा साना-साना मुठा बनाउने र त्यसलाई डोकोमा बोकेर बिक्रीका लागि बजारसम्म पुराउने गरिन्छ ।

निगुरोले उचित मूल्य पाउने गरे पनि यसलाई टिप्न भने गाह्रो काम भएको इस्मा अमरपुरकी सीता कुमालले बताइन् । "दिनभर जङ्गलमा जाने हो, घाम पानी नभनेर निगुरो टिप्छौं ।"-उनले भने । सीता मुखिया मात्र हैन उनीसँगै पसिना पुछ्दै डोकोमा निगुरो बोकेर सदरमुकाम आइपुगेकी चमेली राना निगुरो बिक्री गरेपछि घरपरिवारका सदस्यहरुको आवश्यकता पूरा गर्दछिन् ।

"आम्दानी नहुनेलाई घर खर्च चलाउन निकै सजिलो भएको छ ।"-उनले भनिन् । बर्खाको समयमा जङ्गलदेखि निगुरो टिपेर दुई दिनको समय खर्चेर सदरमुकामसम्म आउन उनीहरूलाई त्यत्ति सहज भने छैन ।

गुल्मीको निगुरो सदरमुकाम तम्घासमा मात्र होइन बुटवलका हाटबजारसम्म पुग्ने गर्दछ । आफन्तलाई कोसेलीको रूपमा पनि निगुरो खोजीखोजी पठाउने प्रचलन छ । बजारमा विषादी प्रयोग गरेका तरकारी खाँदाखाँदै हैरान परेका व्यक्तिका लागि पहाडको जङ्गलबाट टिपेर ल्याएको अर्गानिक निहुरोको बजारमा प्रसस्त माग हुने गर्दछ ।

निगुरोबाट अचार, तरकारी, चुकौनीलगायतका परिकार बनाउन सकिने र ती परिकारहरू मिठो र स्वादिलो हुने गरेको स्थानीय हरिप्रसाद शर्माले बताए । निगुरो बिक्री गरेर यस क्षेत्रका विपन्न कुमाल समुदायले सिजनमा न्यूनतम रु दश हजारदेखि रु तीस हजारसम्म आम्दानी गर्दै आएका छन् ।

---

**तत्काल...**

मगरघाट दक्षिणतर्फको ठेक्का पनि उनकै समूहले पाएको छ । समाचार प्रकाशित भएपछि गोरकट्टामा भइरहेको उत्खनन् बन्द गराइएको तिलोत्तमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण अर्यालले बताए ।

सोमबार अनुगमन गर्दा कश्यप रोडा उद्योगमा अवैध ढंगले ताजा ढुंगागिट्टी ठूलो परिमाणमा आएको देखिएकाले बिक्री वितरण बन्द गराइएको र थप प्राविधिक अनुसन्धान गरिने रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताए ।

धेरै ठाउँमा ठेक्का लागेकाले सबै ठाउँमा अनुगमन गर्न कठीन भएको घिमिरेले बताए ।

कात्तिक-मंसिरबाटै खोलाको ठेक्का लगाउने प्रकृया अघि बढाउन पालिकाहरुलाई आग्रह गरे पनि बेवास्ता गरेर सबै पालिकाले एकैचोटी जेठमा ठेक्का लगाउँदा प्रभावकारी अनुगमन हुन नसकेको हो ।

यसअघि अनुगमन हुँदा तिलोत्तमामा २ वटा, सैनामैनामा ६ वटा गाडी नियन्त्रणमा लिई कारबाही गरिएको समन्वय समिति प्रमुख चापागाईंले बताए । मापदण्ड विपरीत हुने उत्खनन् र चोरीको सूचना सरोकारवाला निकायलाई दिएर अवैध कार्य रोक्न स्थानीयको सहयोग हुनुपर्ने चापागाईंले अनुरोध गरे ।

**स्याङ्जाका...**

समानीकरणमा ८ करोड ४६ पाएको बिरुवाले शर्सतमा २३ करोड ४० लाख, विशेषमा १ करोड २९ लाख पाउँदा समपुरकमा १ करोड २२ लाख पाएको छ भने आँधीखोलालाई समानीकरणमा ८ करोड १७ लाख, शर्सतमा २२ करोड १४ लाख, विशेष अनुदानमा २ करोड ६१ लाख र समपुरकमा ८६ लाख विनियोजन भएको छ ।

त्यसैगरी ७ करोड ९३ लाख समानीकरणमा अनुदान पाएको अर्जुनचौपारीले शर्सतमा २० करोड ३९ लाख, विशेषमा ७५ लाख पाउँदा समपुरकमा १ करोड ५ लाख पाएको छ । हरिनाशले समानीकरणमा ८ करोड २ लाख, शर्सतमा १९ करोड ४६ लाख, विशेषमा १ करोड ८० लाख पाउँदा समपुरकमा १ करोड २ लाख पाएको छ भने फेदीखोलाले समानीकरणमा ७ करोड ३५ लाख, शर्सतमा १६ करोड ८३ लाख, विशेषमा ९६ लाख पाउँदा समपुरकमा ८७ लाख मात्रै बजेट पाएको छ ।

# बाख्रा उपहार पाएपछि महिला खुसी

ढोरपाटन । काठेखोलागाउँपालिकालेमहिलालाई आयआर्जनसँग जोडेर आत्मनिर्भर बनाउन थालेको छ । ग्रामीण क्षेत्रका महिलालाई कृषि र पशुपालनमार्फत् उद्यमसँग जोड्नका लागि बाख्रा उपहार दिएको हो । गाउँपालिका र हेफर संस्थाको सहकार्यमा महिलालाई दुई सय ४० वटा बाख्रा वितरण गरिएको छ । दुई वर्षदेखि गाउँपालिका र हेफरले काठेखोलाका महिलालाई समूहमार्फत् उत्पादनसँग जोड्दै आएको हो ।

गाउँपालिकाले आठवटै वडाका महिलालाई बाख्रा उपहार दिइरहेको छ । यसै साता मात्र काठेखोला -७ रेशमा रहेका सङ्घर्षशील, शुभलक्ष्मी र उद्यमी स्वावलम्बी महिला समूहले उपहार समूहमा आबद्ध सङ्घर्षशील, सयपत्री, सुसेली, लगनशील, सूर्यमुखी र शुभलक्ष्मी महिला समूहमा आबद्ध सदस्यलाई ५० वटा बाख्रा वितरण गरिएको छ । बाख्रा उपहार पाएपछि महिला खुसी भएका छन् ।

स्थानीय सीमादेवी थापाका अनुसार बाख्रापालनले जीविकोपार्जनमा सहज भएको छ । पछिल्लो समय गाउँमा बसाइँसराइले गर्दा खेतीयोग्य जमिन बाँझो बन्दै गएको भन्दै बाख्रापालनका लागि पर्याप्त घाँस रहेको छ । उपहार पाएको एउटा बाख्राबाट बढेर दर्जन पुग्न थालेकाले त्यसले घर खर्च चल्नुका साथै परिवार सहज रूपमा चलेको छ ।

उनले भनिन्-"गाउँपालिका र हेफर संस्थाले हाम्रा लागि निकै राम्रो काम गर्यो, पहिले बाख्रापालन गर्ने चलन कम थियो, अहिले गाउँमा धेरैले बाख्रा पाल्न थालेका छन्, प्रत्येक घरमा एकदुईवटा बाख्रा देखिन्छन्, अप्ठ्यारो परेका बेला एउटा बाख्राको पाठो बेचेर भए पनि गर्जो टर्छ, पहिले रु दुईचार हजार आवश्यक पर्दा ऋण गर्नुपर्थ्यो, अहिले एउटा पाठो बेचे आउँछ ।"


## श्री बसन्तपुर दशरथ जनता माध्यमिक विद्यालय

**ओमसतिया-४, परसौनी, रुपन्देही, लुम्बिनी प्रदेश**

## आवश्यकता !!!

मिति २०८२/०२/२०

प्रस्तुत विषयको सम्बन्धमा यस श्री बसन्तपुर दशरथ जनता मा. वि. ओमसतिया ४ रुपन्देही गा.पा. अनुदान रात्रिकालिन पालेपहार पदमा ओमसतिया गाँउपालिकाको प.स. ०८१/०८२ च.न. २७३४ मिति २०८२।०२।१९ गतेको विज्ञापन खोल्ने अनुमति प्राप्त पत्र अनुसार र विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०२।२० गतेको निर्णय अनुसार २०८२।०२।२१ गते देखि लागु हुने गरी १५ दिन भित्रमा दरखास्त आइपुग्ने गरी तपसील अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरीक बाट दरखास्त आव्हान गरिन्छ ।

| क. स. | विज्ञापन | आवश्यक पाले संख्या | पद | शैक्षिक योग्यता | आवेदन शुल्क |
|---|---|---|---|---|---|
| १ | २०८२/०१ | १ | रात्रिकालिन पालेपहरा | सामान्य लेखपढ गर्न जान्ने | रु १०००।- |

**सेवा सुविधा** : विद्यालयको कार्यविधि तथा गा. पा. को नियम अनुसार ।
**उमेर**: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**दरखास्त दिने स्थान** : श्री बसन्तपुर दशरथ जनता मा. वि. विद्यालय समय भित्र ।
**पेश गर्नुपर्ने कागजातहरु** :
१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
२. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि ४. निवेदन हस्तलिखित
**परीक्षाको किसिम** : अन्तरवार्ता **परीक्षा मिति**: सम्पर्क मितिमा तोकिने छ ।
**दरखास्त दिने अन्तिम मिति**: २०८२।०३।०४ गते
**सम्पर्क मिति** : २०८२।०३।०५ गते
सम्पर्क नं.०७१-५९०८५३, ९८५७०११८५५



## बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बुटवल, रुपन्देही ।

## बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति :- २०८२/०२/२१)

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१/१२/३१ मा प्रकाशित देहायको कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार ई-विडिङ्ग मार्फत म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये योग्य तपशिल बमोजिमका बोलपत्र स्वीकृत हुने प्रक्रियामा रहेको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त प्रकृयामा चित्त नबुझेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिमको अवधिभित्र निवेदन पेश गर्न हुन सम्बन्धित सरोकारवालाहरुलाई समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपशिल**

| Contract No. | Description of Work | Bidder's Name | Bid Amount with VAT (Rs.) |
|---|---|---|---|
| 58/081-082/ BSMC /Goods / NCB | Supply and delivery of electronic items for Nabin Audhyogik kadar Bahadur Rita Madhyamik Bidhyalaya | Computer service center, Butwal | 2983765/- |

**बुटवल उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**



## सुस्ता गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कुडिया, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

## क्याटलग सपिङ विधिमार्फत मोटरसाईकल/ स्कुटर खरीद गर्ने सम्बन्धी सार्बजनिक सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/२१

यस कार्यालयका लागि आवश्यक तपशिलमा उल्लेखित विवरण अनुसारको मोटरसाईकल, स्कुटर खरीद गर्नुपर्ने भएकाले उत्पादक कम्पनी वा अधिकृत विक्रेताबाट फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु तथा उपकरणको आधिकारिक Specification, गुणस्तर, मूल्य र सुविधा सहितको कागजातको विवरण (Catalogue or Brochure) संलग्न गरी शिलबन्दी प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन २०८२/०२/२७ गते ०५:०० बजेसम्म यस कार्यालयमा रितपूर्वक दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै दर्ता गरिएका शिलबन्दी प्रस्तावहरु २०८२।०२।२८ गते दिनको १२:०० बजे खोलिनेछ । सो दिन सार्बजनिक विदा परेमा त्यस पछिको कार्यालय खुल्दाको दिन हुनेछ ।

उपकरणहरुको स्वीकृत विस्तृत प्राविधिक Specification यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिनेछ । कार्यालयबाट स्वीकृत Specification को Offered Specification Column मा आफ्नो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा माग गरिएका अरु थप विवरण अनिवार्य भरेर सही छाप गरी शिलबन्दीका साथ पेश गर्नुपर्नेछ । थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | खरीद गर्ने उपकरणको नाम | Specification | प्रति थान दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | मोटरसाईकल ५ थान तथा स्कुटर १ थान | कार्यालयको Website:www.sustamun.gov.np मा उपलब्ध रहेको ब्यहोरा अनुरोध छ । | | मोटरसाईकल/स्कुटर दुबैमा वा एउटामा मात्र प्रस्ताव पेश गर्न सकिनेछ |

प्रमुख प्रशासकीय अधिकृत



## सुनवल नगरपालिकाको अनुरोध

**चट्याङ्गबाट बचौं र बचाऔं ।**

आकाशमा बिजुली चम्कदा र गडयाङ्गुङ्ग हुँदा
-घरभित्रै बसौं ।
-रुख वा बिजुलीको पोलमुनि नबसौं ।
-पौडी खेल्ने, डुंङ्गा चलाउने तथा खेतबारीमा काम नगरौं ।
-सुरक्षित ओतमा नपुग्दै चट्याङ्ग परे दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर बसौं ।
-टेलिफोन, मोबाइल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयोग नगरौं ।
-झ्याल, भऱ्याङ, बुइगल, बरण्डाको ग्रील बारलगायतका धातुजन्य वस्तु नछोऔं

**चट्याङ्ग लागेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाऔं ।**

**सुनवल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुनवल, नवलपरासी (बसुप), लुम्बिनी प्रदेश नेपाल**



## सरावल गाउँपालिकाको अनुरोध

- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

**सरावल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, (बसुप), नवलपरासी**



## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# प्रेस चौतारीद्वारा लेखन क्षमता विकास तालिम

बुटवल । प्रेस चौतारी नेपाल रुपन्देहीले पत्रकारहरुको लेखन क्षमता विकास तालिम संचालन गरेको छ । बुटवल उप-महानगरपालिकाको सहयोगमा सञ्चालित तालिममा रुपन्देहीमा क्रियाशिल ७० जना बढी पत्रकारहरुको सहभागिता रहेको छ ।

मंगलबार तालिमको उद्घाटन गर्दै बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले बुटवलको विकास र प्रवर्धनको लागि पत्रकारहरुको क्षमता विकास जरुरी रहेकोले तालिमका लागि उप-महानगरपालिकाले सहकार्य गरेको बताए । नगरप्रमुख पाण्डेले उप-महानगरपालिकाले गरेका राम्रा कामहरुको प्रचारप्रसार र कमिकमजोरीहरुको आलोचना गर्न पत्रकारहरुलाई आग्रह गरे ।

आफू नगरप्रमुख भएर उप-महानगरपालिकामा गएदेखि भौतिक विकाससँगै शिक्षा, स्वास्थ्य, कृषि, सरसफाइ, विपद् व्यवस्थापन, हरियाली प्रवर्धनलगायतका क्षेत्रमा महत्वपूर्ण काम भएको उल्लेख गरे ।

सो अवसरमा उप-महानगरपालिकाका उप-प्रमुख सावित्रादेवी अर्यालले उप-महानगरपालिकाका लागि सकारात्मक सुझाव र रचनात्मक आलोचना सदैव स्वीकार्य रहेको उल्लेख गर्दै निर्भिकता पूर्वक कलम चलाउन आग्रह गरिन् ।

प्रेस चौतारी नेपालका केन्द्रीय सचिव प्रदिप आचार्यले प्रेस चौतारीले आफ्ना सदस्यहरुको लेखन क्षमता वृद्धिका लागि २०८२ लाई प्रशिक्षण वर्षको रुपमा अगाडि बढाउने निर्णय गरेको उल्लेख गर्दै सहकार्यका लागि उप-महानगरपालिकालाई आग्रह गरे । लुम्बिनी प्रदेशका सञ्चार समन्वय परिषद्का अध्यक्ष मिलन गाहाले सञ्चार क्षेत्रको विकास बिना कुनै पनि क्षेत्रको विकास सम्भव नभएकोले सञ्चार र सञ्चारकर्मीको विकास र प्रवर्धनमा सबै क्षेत्रको सहकार्य जरुरी रहेको बताए ।

प्रेस चौतारी नेपाल रुपन्देहीका अध्यक्ष भगवती पाण्डेको अध्यक्षता, उपाध्यक्ष छाया पन्थको स्वागत तथा सचिव विष्णु घिमिरेको सञ्चालनमा भएको कार्यक्रममा पहिलो दिन नेपाल पत्रकार महासंघका पूर्व अध्यक्षहरु डीआर घिमिरे, शेरबहादुर केसी र अग्रज पत्रकार अर्जुन ज्ञवालीले समाचारका विषयहरुको पहिचान तथा समाचार लेखन सम्बन्धि प्रशिक्षण दिएका थिए ।

आज (बुधबार) प्रेस चौतारी नेपालका पूर्व केन्द्रीय सदस्य इन्दिरा अर्याल, बुटवल उप-महानगरपालिकाका राजस्व शाखा प्रमुख रोशन कुमार रेग्मी, पत्रकार महासंघ रुपन्देहीका सचिव सिपी खनालगायतले विभिन्न विषयमा प्रशिक्षण दिनेछन् ।

# पश्चिम नवलपरासीमा अझैं पनि बाल विवाहका घटना



**केशव पराजुली**
*नवलपरासी*

पश्चिममा नवलपरासी अझैं पनि बाल विवाहका घटना हुने गरेका छन् । नेपालको कानुनले बाल विवाहलाई मान्यता नदिएको भए पनि उमेर नपुग्दै विवाह गर्ने गरेको पाइन्छ ।

बैशाख महिनामा जिल्लाको प्रतापपुर गाउँपालिकामा तीन वटा बाल विवाहका हुने तयारी अन्तिम चरणमा पुगेकोमा २ वटा विवाह रोकिएका छन् । यु.एम.एन र इन्देणी सामाजिक विकास मञ्चको सहकार्यमा सञ्चालित बाल अधिकार परियोजनाको पहलमा दुईवटा बालविवाह रोकीएको भए पनि एउटा बालविवाह रोकिएन ।

दुई वटा वाल विवाह रोकीएको यु.एम.एन र इन्देणी सामाजिक विकास मञ्चको सहकार्यमा सञ्चालित परियोजनाकी संयोजक बिना चौधरीले बताइन् । यु.एम.एन र इन्द्रेणी सामाजिक विकास मञ्चको सहकार्यमा गाउँ-गाउँमा गठन गरिएका बालअधिकार समितिहरुको सूचनाको आधारमा प्रतापपुरका २ वटा बालविवाह रोक्न सफल भएको प्रतापपुर गाउँपालिकाकी महिला बालबालिका शाखाकी बालकल्याण अधिकारी सञ्जिता रौनीयारले बताइन् । प्रतापपुर ९ मा गत बैशाखमा एउटा बालविवाह भएको यु.एम.एन र इन्द्रेणी सामाजिक विकास मञ्चको सहकार्यमा सञ्चालित योजना संयोजक बिना चौधरीले जनाइन् ।

भारतमा विवाह गर्ने तय भएर तयारी पूरा भएको समयमा बालअधिकार समितिको सूचनाको आधारमा विवाह रोक्ने प्रयास गरेको भए पनि विवाह गर्ने दिनभन्दा एक दिन पहिले नै भारतमा लगेर विवाह गरिदिएको कारण उक्त विवाह रोक्न नसकेको बालकल्याण अधिकारी रौनीयारले बताइन् ।

सिमा क्षेत्रका स्थानीयको सम्बन्ध नेपाल र भारतमा पहिले देखिकै भएका कारण पनि भारतसँग सीमा जोडिएका कतिपय पालिकाका स्थानीयले अझैं पनि नेपाल र भारतमा विवाहवारी हुने गरेको छ । कतिपय बालविवाह रोक्ने प्रयास गदा समेत रोकीन सकेका छैनन् ।

जिल्लाका कतिपय गाउँपालिकामा अझैं पनि बालविवाहका घटना हुने गरेका छन् । गत बैशाखमा सरावल गाउँपालिकाबाट प्रतापपुर गाउँपालिकामा विवाह गर्न लागिएको बाल विवाह स्थानीय बालअधिकार समितिको सूचनाको आधारमा रोकिएको हो । विवाहको मिति तय गरेर काड समेत वितरण भैसकेको समयमा प्रतापपुर र सरावल गाउँपालिकाका न्यायिक समितिका संयोजनको प्रयासमा उक्त विवाह सहमतिमा रोकिएको सरावल गाउँपालिकाकी उपाध्यक्ष वासमति चमारले बताइन् । उनका अनुसार बाल विवाह हुने मिति तय गरिएको भए पनि बालिका पक्षका अभिभावकलाई छलफल गराए पछि सहमति भएर विवाह रोकीएको थियो ।

प्रतापुर गाउँपालिका ३ सोमनीका केटा पक्ष र सरावल गाउँपालिका ७ की बालिका पक्षका अभिवाभक बालिकाबिच विवाह हुने मिति तय गरेर विवाह काड समेत वितरण भैसकेको विवाह रोकिएको हो । जिल्लाको सरावल गाउँपालिका र प्रतापपुर गाउँपालिकाका उमेर नपुगेका बालबालिकाका बिच विवाह गर्ने तयारी गरेको सूचना पाएपछि आफूहरुको पहलमा उक्त विवाहलाई रोक्न सफल भएको प्रतापपुर गाउँपालिकाकी उपाध्यक्ष तथा न्यायिक समितिकी संयोजक मानकुमारी चौधरीले बताइन् ।

उता जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीमा बालविवाहका उजुरी नआएको सूचना अधिकारी वीरदत्त पन्तले बताए । कानुनमै बालविवाह गर्न नपाउने भएका कारण जिल्ला प्रहरी कार्यालयमा उजुरी नआएको पन्तले जनाए ।

सामान्यतया १८ वर्षभन्दा कम उमेरमा गरिने विवाहलाई बाल विवाह भनिन्छ । विभिन्न देशमा विवाह गर्ने योग्य उमेर भनेर आ-आफ्नै कानुनी रुपमा निर्धारित उमेर तोकिएको छ । नेपालको कानुन अनुसार बालबालिका दुबैको लागि २० वर्ष पुगिसकेपछि विवाह गर्न उपयुक्त उमेर भनि तोकिएको छ । मुलुकी अपराध संहिता ऐन २०७४ अनुसार बालविवाह गर्दा हुने कानुनी सजायअनुसार उमेर २० वर्ष नपुगी कसैले विवाह गरे वा गराएमा विवाह स्वत बदर हुनेछ । नेपालको संविधानले बालविवाहलाई पहिलो पटक बाल अधिकार हननूको विषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ । विभिन्न देशमा विवाह गर्न योग्य उमेर भनेर आ आफ्नै कानुनी रूपमा निर्धारित उमेर तोकिएको छ ।

नेपालको कानुनअनुसार बालबालिका दुबैको लागि २० वर्ष पुगिसकेपछि विवाह गर्न उपयुक्त उमेर भनि तोकिएको छ । साथै कसुर गर्ने जो कोही व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजारसम्म जरिवाना हुने कानुनी व्यवस्था गरिएको छ । विवाह गर्ने उमेर विवाह गर्ने व्यक्तिको (महिला र पुरुष दुवैको) २० वर्ष हदम्याद हो भने बालविवाह भएको थाहा पाएको मितिले ३ महिनासम्म बाल विवाहको उजुर दिन सक्ने व्यवस्था रहेको छ । बालबालिकासम्बन्धी ऐन २०७५ को उपदफा ६६ (२) (ण) अनुसार बालबालिकासँग विवाह गर्नु गराउनु बालबालिकाविरुद्धको कसुर मानेको छ । र दफा ६७ अनुसार त्यस्तो कसुर गरेको ठहरेका व्यक्तिहरुले दश (१०) वर्षसम्म बालबालिकासँग सम्बन्धित सार्वजनिक तथा निजी क्षेत्रमा काम गर्न, मनोनित हुन, वा निर्वाचित हुन पाउँदैनन् ।

विवाह गर्नु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो, तर कम उमेरमा विवाह गर्नु/गराउनु जीवन र लक्ष्यको बर्बादी गर्नु हो । अशिक्षा, आर्थिक अवस्था कमजोर र बालविवाह गर्दा हुनसक्ने समस्याको बारेमा जानकारी नभएकै कारण ग्रामीण क्षेत्रका बालबालिकाहरु उमेरै नपुगी वैवाहिक जीवनमा जोडिन बाध्य छन् । २० वर्ष नपुग्दै विवाह गर्नु र गराउनु कानुनी अपराध हो भनी वि.स. २०७२ को संविधानमा जारी गरिएको छ । नेपालको बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि नेपाल सरकारले नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकाको हकलाई सुरक्षित गर्दै बाल अधिकारलाई मौलिक हकका रुपमा व्यवस्था गरिएको छ ।

स्थानीय सरकारलाई बाल अधिकारको प्रवर्धनका लागि नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन वि.स. २०७४ मा विभिन्न जिम्मेवारीहरुको व्यवस्था गरिएको छ ।

नेपालको कानुनअनुसार बालविवाह एक कानुनी र सामाजिक अपराध हो भनी मुलुकी ऐन वि.स. २०७४ को दफा ७० उपदफा (घ) मा २० वर्ष पूरा नभई विवाह गर्न नपाउने भनी स्थानीय सरकार सञ्चालन ऐन वि.स. २०७४ मा गाउँ र गाउँपालिकाअन्तर्गत बालविवाह, बहुविवाह, छुवाछूत, लैंगिक हिंसा, दाइजो प्रथा र मानवीय बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने र गराउने जिम्मेवारी प्रधान गरिएता पनि जिल्लामा लुकीछीपी बालविवाह हुने गरेका छन् ।

केही वर्ष अघिसम्म नेपाल बालविवाह हुनेमध्ये उच्च जोखिममा रहेको देश थियो । नेपाल सरकारले वि.स. २०८७ सम्म बालविवाह अन्त्य गरिसक्ने राष्ट्रिय रणनीति बनाएको छ । बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति वि.स. २०७२ ले अंगिकार गरेको लक्ष्य अनुसार स्थानीय तहहरुले रणनीति बनाएर अघि बढेको देखिंदैन ।

# अन्ट्रपेनरसिप बुट क्याम्प सुरु




बुटवल । युवाहरुमा उद्यमशीलता विकास गर्ने उद्देश्यका साथ बुटवलको लुम्बिनी वाणिज्य क्याम्पसमा सात दिने अन्ट्रपेनरसिप बुट क्याम्प सुरु भएको छ ।

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्ले आयोजना गरेको उक्त कार्यक्रममा देशभरका विभिन्न जिल्लाहरुबाट छनोट भएका २० जना युवाहरूको सहभागिता रहेको छ । देशभरका आवेदकहरु मध्येबाट विभिन्न चरणको छनौट प्रक्रियाबाट छनौट भएका युवाहरुलाई बुट क्याम्पमा सहभागि गराइएको हो । बुट क्याम्पमा सहभागिता जनाउन व्यवसायको नवीन सौंचसहित आवेदन दिन परिषद्ले सार्वजनिक सूचना आह्वान गरेको थियो । सात दिनको क्याम्पमा सहभागिले आफ्नो व्यवसायिक सौंचलाई विभिन्न कोणबाट मूल्याङ्कन गर्ने अवसर पाउनेछन् भने त्यसलाई उद्यम व्यवसायमा रुपान्तरण गर्नका लागि आवश्यक विषयवस्तुहरु बुट क्याम्पमार्फत् सिकाइने छ ।

उद्घाटन सत्र राष्ट्रिय युवा परिषद्का उप-सचिव तारापति खरेलको अध्यक्षता, लुम्बिनी वाणिज्य क्याम्पसका क्याम्पस प्रमुख प्रा.डा. ताराप्रसाद उपाध्यायको प्रमुख आतिथ्यता र शिवराज अधिकारीको सञ्चालन रहेको थियो ।

उद्घाटन सत्रमा बोल्दै प्रमुख अतिथि प्रा.डा. ताराप्रसाद उपाध्यायले लुम्बिनी वाणिज्य क्याम्पसले उद्यमशीलतालाई प्राथमिकता दिंदै निरन्तर रुपमा युवा नवप्रवर्तन तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिरहेको बताए ।

उद्घाटन सत्रमा बोल्दै राष्ट्रिय युवा परिषद्का उपसचिव तारापति खरेलले स्वदेशमा नै उद्यमका सम्भावना पहिल्याउने र वैदेशिक रोजगारीमा पलायन हुने युवाको संख्या घटाउनका लागि युवा परिषद्ले निरन्तर काम गर्दै आएको बताए । एक शिक्षण संस्था एक उद्यम कार्यक्रम, युवाका लागि विज्ञान तथा प्रविधि प्रवर्धन कार्यक्रम, विज्ञान तथा प्रविधिमा युवा सम्मेलन, युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम, संघसंस्थाहरू तथा अन्य निकायसँगको साझेदारीमा युवा लक्षित कार्यक्रम, युवा सञ्जाल गठन तथा परिचालन, युवा नीति तथा युवाका मुद्दाहरुमा वहस पैरवी गोष्ठी, युवा परामर्श युवा अनुभव आदान प्रदान, घुम्तीकोषमा आधारित युवा उद्यम कार्यक्रम, युवासम्बन्धी आवधिक तथा वार्षिक बुलेटिन प्रकाशन, युवा विकासका लागि सञ्चार माध्यमसँगको समन्वय र सहकार्य, युवा नवप्रवर्तन तथा इन्क्युवेसन सेन्टर सञ्चालन जस्ता कार्यक्रमहरु परिषद् मार्फत हुँदै आइरहेको उनले जनाए ।

उद्घाटन सत्रमा बोल्दै प्रशिक्षक मुकुन्द ज्ञवालीले सहभागिहरुलाई व्यवसायको ढाँचा, निर्माण प्रकृया एवं व्यवसायिक मोडेलका बारेमा इन्कुवेसन सेन्टरमार्फत् सिकाइने जानकारी दिए ।

# बुटवलमा डोरी तान प्रतियोगिता हुँदै




बुटवल । डोरी तान खेललाई प्रवर्धन गर्न रुपन्देहीमा प्रतियोगिता गरिने भएको छ । नेपाल खेलकुद महासंघ, जिल्ला कमिटि रुपन्देहीको आयोजनामा जेठ ३१ गते प्रथम पालिकास्तरीय खुला पुरुष डोरी तान (टग अफ वार) प्रतियोगिता २०८२ हुने भएको हो ।

'खेलकुद विकासका लागि स्थानीय तहदेखी केन्द्रसम्म भौतिक पूर्वाधार, व्यवसायिक र प्रतिस्पर्धी खेलकुद गतिविधि हाम्रो आधार' भन्ने नारासहित प्रतियोगिता आयोजना हुन गैरहेको कमिटीका अध्यक्ष समुन्द्र श्रेष्ठले बुटवलमा पत्रकार सम्मेलन गरी जानकारी दिए । सिद्धेश्वरी खेलमैदानमा गरिने प्रतियोगिता बेष्ट अफ थ्रि को आधारमा खेलाइने उनले बताए । प्रतियोगिताको प्रथम टिमलाई नगद ५० हजार, दोस्रो हुने टिमलाई नगद २० हजार तथा तेस्रो हुने टिमलाई नगद १० हजार रुपैया, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ । प्रतियोगितामा भाग लिने प्रत्येक टिममा ८ जना सदस्यको कुल तौल ६४० केजी हुनुपर्ने छ । प्रतियोगितामा ६ लाख ४० हजार रुपैयाँ खर्च हुने अनुमान रहेको छ ।

कार्यक्रममा नेकोस केन्द्रीय सचिवालय सदस्य एवं रुपन्देही इञ्चार्ज शंकर पाण्डेले पछिल्लो समय ओझेलमा परेको खेललाई चर्चामा ल्याउने गरी प्रतियोगिता गर्न लागेको बताए ।

रुपन्देही जिल्ला कमिटी सचिवालय सदस्य एवं खेलकुद इञ्चार्ज नकुल शाहीले महासंघमा आबद्ध सबै खेल विधालाई प्राथमिकतामा राखेर गतिविधिमा जोड दिने बताए ।

कार्यक्रममा नेकोस केन्द्रीय सदस्य जुनु भण्डारी, नेपाल खेलकुद पत्रकार मञ्च रुपन्देहीका अध्यक्ष सुमन अधिकारी, डोरी तान संघका केन्द्रिय सदस्य नवराज खरेल, नेकपा एमाले वडा नं. ११ सचिव वीरबहादुर कुँवर, नेकोस बुटवल नगर अध्यक्ष प्रविण गैरेले समाजमा धेरै प्रचलित खेलका रुपमा रहेको डोरी तान खेल नयाँ पुस्तामा हराउ थालेको भन्दै प्रचारप्रसार र गतिविधिमा जोड दिन आग्रह गरे ।

राप्ती प्रादेशिक अस्पतालः

# अनुमतिभन्दा बढी शैया सञ्चालनले समस्या

तुलसीपुर । दाङको तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पतालले ५० शैयाको अनुमति भए पनि १४४ शैया सञ्चालन गरिरहेको छ । विक्रम संवत् २०६५ मा अस्पतालले ५० शैयाको अनुमति पाएको हो ।

तत्कालीन अवस्थामा बिरामीको चाप पनि न्यून हुने, सेवा पनि सीमित हुँदा त्यसले सेवा प्रवाहमा सहजता नै थियो । तर, बिरामीको चाप पनि बढेको र सेवा पनि थपिँदै जाँदा शय्या थप्नुपर्ने बाध्यता रहेको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. पदमराज अधिकारीले बताए ।

"हाम्रो दरबन्दी ५० शय्याकै छ", उनले भने-"तर, हामीले १४४ शय्याको सञ्चालन गरेका छौं, यसले हामीलाई निकै भार थपेको छ ।" अहिले अस्पतालमा कन्सलटेन्ट डाक्टरको दरबन्दी १४ जनाको हो तर, शैया थपसँगै १८ जना चिकित्सकले काम गरिरहेको उनले बताए ।

स्थायी कन्सल्टेन्ट चिकित्सक ११ जना रहेको र बाँकी सातजना करारमा नियुक्त गरिएको डा. अधिकारीले जनाए । त्यस्तै मेडिकल अफिसर सात जनाको दरबन्दी हो । तर, अहिले स्थायी छ र १८ जना करारमा नियुक्त गरी २४ जना बनाइएको छ । जम्मा ७२ जना चिकित्सक, स्टाफ नर्स तथा कर्मचारीको दरबन्दी रहेकामा हाल अस्पताल विकास समितिको निर्णयअनुसार २३५ जना राखिएको उनले जानकारी दिए ।

यसरी अस्पताल विकास समितिलाई पनि भार पर्ने अवस्थासमेत आएको र ५० शैयाको मात्रै संरचना तथा दरबन्दी हुँदा निकै आलोचना खेप्नु परेको डा. अधिकारीको भनाइ छ । दुई सय शैया बनाउनका लागि धेरै पहल भए पनि त्यसको काम अघि बढ्न नसकेको भन्दै यसलाई पूर्णता दिनतर्फ लाग्ने अस्पताल विकास समितिका अध्यक्ष महेन्द्रराज लामिछानेले बताए ।

"अस्पतालमा बिरामीको चाप बढिरहेको छ, धेरैले रेफर अस्पताल भनेर गुनासो पनि गर्नुहुन्छ", उनले भने-"यसलाई सुधार गर्नतर्फ म लागिरहेको छु ।" आगामी आर्थिक वर्षमा २०० शैयाको स्वीकृति हुने गरि बजेट पनि आउने कुरामा आफू ढुक्क रहेको अध्यक्ष लामिछानेले बताए । अस्पताललाई २०० शैया बनाउनुपर्ने आवाज चौतर्फी उठिरहेको छ ।

# दुईदिने तनाब व्यवस्थापन तालिम समापन



बुटवल । बुटवलमा दुईदिने तनाब व्यवस्थापन तालिम समापन भएको छ ।

मानवअधिकारका लागि महिला, एकल महिला समूह रुपन्देहीको आयोजनामा स्थानीय लिडर तथा कार्यसमितिका पदाधिकारीहरुको लागि तालिम आयोजना गरिएको थियो ।

अहिलेको व्यस्त जीवनशैलीमा अत्याधिक तनाबबाट महिलाहरु ग्रस्त रहँदा विभिन्न समस्या हुने गरेको भन्दै तनाब व्यवस्थापन तालिम आयोजना गरिएको रुपन्देही शाखा अध्यक्ष रीता शेनले जानकारी दिइन ।

समापन समारोहमा बोल्दै बुटवल उप-महानगरपालिका ९ का अध्यक्ष प्रदीप कुमार श्रेष्ठले तनाब व्यवस्थापन भयो भने समस्या आधा समस्या आफैँ समाधान हुने बताए । उनले यस्तो तालिम निकै प्रभावकारी हुने बताए । तालिममा उत्प्रेरक पूजा ज्ञवालीले सहजीकरण गरेकी थिइन ।

कार्यक्रममा मानवअधिकारका लागि महिला, एकल महिला समूह लुम्बिनी प्रदेश अध्यक्ष, अरुणा श्रेष्ठ, निवर्तमान अध्यक्ष जानुका घिमिरे, रुपन्देही सचिव कला केसीलगायतले बोलेका थिए । तालिममा २५ जना सहभागी भएको कर्मचारी पुष्पा चौधरीले जानकारी दिइन ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

कृषि उत्पादन बढाऔं ।

-खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं ।
-जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं ।
-स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं ।
-प्राङ्गरिक वस्तुको उत्पादन र उपभोगलाई प्रबर्द्धन गरौं ।
-कृषि तथा पशुपन्छी पालन सम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं ।
-कृषि अनुदानको सही सदुपयोग गरौं ।
-बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसँग सल्लाह सुझाव लिऊँ ।
-कृषि पेशाको सम्मान गरौं । कृषकलाई प्रोत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com